अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/०१/२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः-

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसला र आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	संजय शर्मा, प्रणिता उपाध्याय, मधु कुमार मरासिनी सुनिल पौडेल, राम बहादुर बुढा, रमेश प्रसाद पोखरेल भन्ने रमेश पोखेल, राम शरण गायक, सफल श्रेष्ठ र निम बहादुर वली मु.नं (०८०-CR-००४८) फैसला मिति २०८१/०१/२५	सरकारी सम्पत्ति हानी नोक्सानी गरी भ्रष्टाचार गरेको ।	• **प्रतिवादीहरु संजय शर्मा, प्रणिता उपाध्याय, सुनिल पौडेल, राम बहादुर बुढा, रमेश प्रसाद पोखरेल भन्ने रमेश पोखेल, राम शरण गायक र मधु कुमार मरासिनी** उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु.२३,२७,५८,०७७।–(अक्षरेपि तेईस करोड सत्ताईस लाख अन्ठाउन्न हजार सतहत्तर) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (झ) बमोजिम कैद सजाय र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जरिबाना गरी सोही ऐनको दफा १७ बमोजिम हानी नोक्सानी गरे गराएको सम्पत्ति निज प्रतिवादीहरुबाट असुल उपर हुन मागदावी लिइएको देखिन्छ । • साथै, प्रतिवादीहरु तत्कालीन विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव संजय शर्मा, राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालिन कार्यकारी निर्देशकद्वय प्रणिता उपाध्याय र सुनिल पौडेलको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजाय हुन । • **प्रतिवादी सफल श्रेष्ठको हकमाः-** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु.१७,९९,७००।–(अक्षरेपी सत्र लाख उनान्सय हजार सात सय) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिम कैद सजाय र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम जरिबाना गरी	• **कसूर ठहर भएका प्रतिवादी सुनिल पौडेलको हकमाः-** (१) National Payment Gateway प्रणाली खरिद गर्ने सार्वजनिक निकाय NITC को कार्यकारी निर्देशक प्रतिवादी सुनिल पौडेललाई बिगो रु.२३,२७,५८,०७७।-(तेइस करोड सत्ताईस लाख अन्ठाउन्न हजार सतहत्तर रुपैयाँ) कायम गरि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ढ (झ) बमोजिम ९(नौ) वर्ष कैद, बिगो बमोजिम रु.२३,२७,५८,०७७/- जरिबाना र हानि नोक्सानी भएको उक्त बिगो निज प्रतिवादीबाट असुल उपर हुने **ठहर हुने** र निज प्रतिवादी सुनिल पौडेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ अन्तर्गतको थप सजाय तर्फको अभियोग **दाबी नपुग्ने** ठहर गरि फैसला भएको देखिन्छ। • **अन्य प्रतिवादीहरुको**	• **प्रतिवादी मध्येका सुनिल पौडेलको हकमाः-** • प्रस्तुत वारदातमा मिसिल संलग्न आधार प्रमाणहरुको आधारमा सार्वजनिक निकाय राष्ट्रिय सूचना प्रविधि केन्द्रका कार्यकारी निर्देशक प्रतिवादी सुनिल पौडेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर ठहर भई उक्त कसूरमा बिगो रु.२३,२७,५८,०७७।–(अक्षरेपि तेईस करोड सत्ताईस लाख अन्ठाउन्न हजार सतहत्तर) कायम गरी सोही ऐनको दफा ३(१)(झ) र दफा १७ बमोजिम ९(नौ) वर्ष कैद, बिगो बमोजिम रु.२३,२७,५८,०७७/- जरिबाना र हानि नोक्सानी भएको उक्त बिगो निज प्रतिवादीबाट असुल उपर हुने ठहर गरी फैसला भएको देखिँदा निजको हकमा दावी लिईएको उक्त दफा १७ र दफा ३(१)(झ) को कसूर ठहर भई सजाय भई सकेको देखिदा **सो हकमा पुनरावेदन जिकिर लिनु परेन।** • राष्ट्रिय सूचना प्रविधि केन्द्रका तत्कालिन कार्यकारी निर्देशक निज प्रतिवादी सुनिल पौडेल उपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजायको माग दावी लिई आरोप पत्र दायर गरिएकोमा विशेष अदालतबाट उक्त ऐनको दफा २४ को दावी नपुग्ने ठहर गरी भएको फैसलाको हकमा हेर्दा, उक्त ऐनको दफा २४ मा "संवैधानिक अङ्ग वा निकायका पदाधिकारी,, राष्ट्रपतिबाट मनोनयन वा नियुक्त हुने पदाधिकारी,,नेपाल सरकारका विशिष्ट श्रेणी वा सो सरहका पदाधिकारी, सार्वजनिक संस्थाका प्रमुख महाप्रबन्धक वा सो सरहका पदाधिकारीले भ्रष्टाचारको कसुर गरेमा त्यस्तो कसुरमा हुने सजायमा थप तीन वर्षसम्म कैद सजाय हुनेछ ।" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। राष्ट्रिय सूचना प्रविधि केन्द्र भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २(ग) ले परिभाषित गरेको सार्वजनिक संस्था रहेको र उक्त संस्थाकी तत्कालिन कार्यकारी निर्देशक प्रणिता उपाध्यायले मिति २०७४।११।२० देखि लागू हुने गरी राजिनामा दिए पश्चात यी प्रतिवादी सुनिल पौडेललाई नेपाल सरकार मन्त्रि परिषदले उक्त केन्द्रको कार्यकारी निर्देशक पदमा नियुक्त गरेको देखिन्छ। यीनै प्रतिवादी सुनिल पौडेलले मिति २०७५।०३।१९ मा CMA Small Systems AB, Sweden सँग उक्त NPG खरिद सम्झौता गरेको तथा सो पश्चात यीनै प्रतिवादीले मिति २०७५।०३।२९, मिति २०७५।११।२९ र मिति २०७७।०३।३० मा CMA Small Systems AB, Sweden लाई भुक्तानी दिएको देखिन्छ ।यी प्रतिवादी उक्त केन्द्रको उप निर्देशक हुँदाको अवस्थामा उक्त NPG खरिद प्रक्रिया सुरुवात भई कार्यकारी प्रमुख हुँदाको अवस्थामा नै प्रस्तुत आरोपित दावी अनुसारको कसूर गरि रकम भुक्तानी दिएको देखिन्छ । यी प्रतिवादी उपरको आरोप दावीको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुर ठहर गर्दा यी प्रतिवादी नै खरिद निकायको मूख्य भई कार्य गरेको भन्ने मूल आधार लिई यी प्रतिवादीलाई मात्र कसूरदार ठहर गरेकोमा उक्त दफा २४ बमोजिमको थप सजायको माग दावीको सम्बन्धमा यी प्रतिवादी प्रमुख नभएको भनी सो दफा २४ बमोजिमको सजाय नहुने भनि भएको फैसला आफैमा बाझिन गई त्रुटिपुर्ण देखिन्छ । यी प्रतिवादीलाई आरोपित कसूर ठहर भई सजाय समेत भईसकेको स्थितिमा सोही अवधिमा उक्त वदनियतपूर्ण कार्य गरी नोक्सानी पुऱ्याएको तथ्य स्थापित भई सकेकोले सार्वजनिक संस्था (राष्ट्रिय सूचना प्रविधि केन्द्र) को प्रमुख महाप्रबन्धक वा सो सरहको पदाधिकारीमा नियुक्त यि प्रतिवादी सुनिल पौडेललाई उक्त दफा २४ बमोजिम अनिवार्य रुपमा थप सजाय गर्ने विधायिकी मनसाय (Legislative Intention) विपरित गई प्रतिवादी उपरको दफा २४ अन्तर्गतको दावी पुग्ने नसक्ने ठहर गरी भएको फैसला सारवान कानूनको प्रयोग र त्यसको व्याख्याको रोहमा त्रुटिपुर्ण भई वदरभागी छ। **प्रतिवादी मधुकुमार मरासिनीको हकमाः-** • आर्थिक वर्ष २०७४।७५ मा यि प्रतिवादी मधुकुमार मरासिनी अर्थ मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखाको तत्कालीन महाशाखा प्रमुख पदमा कार्यरत रहेको देखिन्छ। आर्थिक वर्ष २०७४।७५ को नीति तथा कार्यक्रममा राष्ट्रिय सूचना प्रविधि केन्द्रले National Payment Gateway-NPG खरिदको कुनै योजना नै पेश नगरेको, उक्त केन्द्रले सो खरिद प्रक्रियाको लागी बजेट नै माग नगरेको, अर्थ मन्त्रालयले बजेट विनियोजनको लागि तयार पारेको LMBIS Software मा बजेट प्रविष्टि गर्न पुरा गर्नु पर्ने नियमित प्रक्रिया र चरण अनुसारका कुनै पनि कार्य नगरि नगराई, वित्तिय अनुशासनको विपरित गई अर्थ मन्त्रालयका बजेट तथा कार्यक्रम महाशाखाका तत्कालीन महाशाखा प्रमुख यी प्रतिवादी मधु कुमार मरासिनीले बदनियतपुर्न तरिकाले कमिशनको

			सोही ऐनको दफा १७ बमोजिम हानी नोक्सानी गरेको सम्पत्ति निज प्रतिवादीबाट असुल उपर हुन माग दावी लिइएको देखिन्छ। • **प्रतिवादी निम बहादुर वलीको हकमाः** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु.८९,७७,३९७।–(अक्षरेपि उनानब्बे लाख सतहत्तर हजार तिन सय सन्तानब्बे) कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरे बमोजिम सोही ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ज) बमोजिम कैद सजाय र सोही ऐनकोदफा ३ को उपदफा (१) बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम हानी नोक्सानी गरेको सम्पत्ति निज प्रतिवादी निम बहादुर वलीबाट असुल उपर हुन मागदावी लिई विशेष अदालत समक्ष आरोपपत्र दायर गरिएको ।	**हकमा,** प्रतिवादीहरु प्रणिता उपाध्याय, मधु कुमार मरासिनी राम बहादुर बुढा, रमेश प्रसाद पोखरेल भन्ने रमेश पोखेल, राम शरण गायक, सफल श्रेष्ठ र निम बहादुर वली ले आरोपित कसुरबाट **सफाई** पाउने ठहर्छ।	लागि खुसुक्क बजेट निर्माणको नियमित प्रक्रिया बाहिर गई उक्त बजेट निर्माणको अन्तिम चरणमा आएर बिना कुनै आधार कारण, आफू भन्दा माथिल्लो तहका प्रमुखलाई थाहा जानकारी समेत नदिई नगराई आ.व. २०७४/०७५ को रातो किताव (Red Book) को ब.शि.नं ३३२१०७ मा राष्ट्रिय सूचना प्रविधि केन्द्रको पुँजीगत खर्च शीर्षकमा सफ्टवेयर निर्माण र खरिद खर्च अन्तर्गत २५ करोड रुपैयाँ प्रविष्ट गरे गराएको देखिन्छ। उक्त National Payment Gateway सफ्टवेयर खरिदमा राष्ट्रिय सुचना केन्द्रले लापरवाही तथा वदनियतपूर्ण तवरले सार्वजनिक खरिद प्रक्रियाको दायरा भन्दा बहिर गई खरिद प्रक्रिया शुरू गरी भुक्तानी समेत दिई सके पनि उक्त सफ्टवेयर हालसम्म पनि प्रयोग विहिन तथा काम नलाग्ने भई आरोपदावी बमोजिमको नेपाल सरकारको रु.२३ करोड २७ लाख ५८ हजार सतहत्तर रुपैया हानी नोक्सानी भएको तथ्य निर्विवाद रुपमा पुष्टि भएको छ। • उक्त नेशनल पेमेण्ट गेटवे (NPG) को खरिद सम्वन्धमा प्रारम्भिक रुपमा बजेट विनियोजन देखि नै वदनियपूर्ण तरिकाले प्रतिबादीहरुको मिलेमतो भएको देखिन्छ । राष्ट्रिय सूचना प्रविधि केन्द्र विशुद्ध प्राविधिक कार्यालय भएकोले सरकारको भुक्तानी प्रणाली सञ्चालनको जिम्मेवार निकायहरु नेपाल राष्ट्र बैङ्क तथा महालेखा परिक्षक कार्यालयसँग उक्त नेशनल पेमेण्ट गेटवे सञ्चालनको सम्वन्धमा कुनै छलफल भएको राय एवं सुझाव लिएको देखिदैन। आ.व. २०७४/०७५ को बजेट निर्माणको अन्तिम समयमा LMBIS को अन्य युजर लक भई सके पश्चात बजेट तथा कार्यक्रम महाशाखाका तत्कालीन प्रमुख सहसचिव मधुकुमार मरासिनीले राष्ट्रिय सूचना प्रविधि केन्द्रलाई उक्त संस्था NPG खरिद एवं सञ्चालन प्रयोजनको लागि आफ्नो योजनाबद्ध तवरमा बजेट माग गरेको नदेखिएको, सो आ.ब. मा NPG खरिद सम्वन्धमा राष्ट्रिय सूचना प्रविधि केन्द्रको कुनै नीति तथा कार्यक्रम नै नभएको, सो खरिद कार्य उक्त संस्थाको सो आ.व. को बजेट सिलिङ्ग मै नपरेको अवस्थामा अर्थ मन्त्रालयको बजेट तथा कार्यक्रम महाशाखाको तत्कालीन महाशाखा प्रमुख मधु कुमार मरासिनीले NPG खरिद सम्वन्धमा राष्ट्रिय सूचना प्रविधि केन्द्रलाई २५ करोड LMBIS मा प्रविष्ट गर्नू भनी निर्देशन/आदेश दिए पश्चात् सोही बमोजिम मैले प्रविष्ट गरेको हो भनि सोही महाशाखामा कार्यरत कम्प्युटर अधिकृत ठेकु श्रेष्ठले अनुसन्धानको क्रममा गरेको बयान कागज र अदालतमा उपस्थित भई गरिदिएको वकपत्रबाट पुष्टी भएको देखिन्छ भने अर्थ मन्त्रालय बजेट तथा कार्यक्रम महाशाखाका तत्कालीन उपसचिव डमरुप्रसाद पराजुली र शाखा अधिकृत सुमित गुप्ताले अनुसन्धानको क्रममा गरेको बयान एवं प्रस्तुत मुद्दाको अनुसन्धानको क्रममा अर्थ मन्त्रालयबाट पेश भएको राय प्रतिक्रिया समेतका मिसिल संलग्न कागज प्रमाण समेतबाट नेशनल पेमेण्ट गेटवे (NPG) को खरिद सम्वन्धमा प्रारम्भिक रुपमा बजेट विनियोजन देखि नै यी प्रतिबादी मधुकुमार मरासिनीले प्रतिबादी सुनिल पौडेलसमेतसँग वदनियतपूर्ण तरिकाले मिलेमतो गरि अनाधिकृत रुपमा राष्ट्रिय सुचना प्रविधि केन्द्रलाइ नियमित रुपमा विनियोजन भएको तथा तोकिएको सिलिङ्गको अलवा भन्दा थप बजेट रु २५ करोड LMBIS मा प्रविष्ट गरेको कारण सोही बजेटलाई सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली, २०६४मा तोकिएको खरिद प्रक्रियाको बहिर गई खरिद प्रक्रिया शुरू गरी भुक्तानी समेत दिई सकेको र उक्त सफ्टवेयर हालसम्म पनि प्रयोगविहिन तथा काम नलाग्ने भई नेपाल सरकारको रु.२३ करोड २७ लाख ५८ हजार सतहत्तर रुपैया हानी नोक्सानी भएको तथ्य निर्वाद रुपमा पुष्टि भएको अवस्थामा उक्त प्रमान ग्रहण नगरि निज प्रतिवादी मधुकुमार मरासिनीलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदर भागी रहेको छ । • **प्रतिवादी संजय शर्मा र प्रणिता उपाध्यायको हकमाः**- प्रस्तुत वारदातमा उक्त नेशनल पेमेण्ट गेटवे (NPG) को खरिद सम्वन्धमा वजेट विनियोजन पश्चात पनि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ (४) बमोजिम परामर्श सेवा र अन्य सेवाको लागत अनुमानको विस्तृत विवरण तयार नगरी केही कम्पनीहरुबाट प्राप्त कोटेसनको औसत गरी जम्मा लागत अनुमान तयार गरेको देखिएको, Expression of Interest (EOI) प्रस्तावको मूल्याङ्कन प्रयोजनको लागि मिति २०७४।१२।२४ गतेको केन्द्रको निर्णयानुसार बोलपत्र मूल्याङ्कन समिति गठन भएकोमा मिति २०७४।१२।१६ गते नै निमित्त कार्यकारी निर्देशक सुनिल पौडेलले समिति गठन भएको भनी पत्र जारी गरेको देखिन्छ। ।सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ तथा नियमावली, २०६४ को नियम ७ अनुसार खरिदको गुरुयोजना (Master Procurement Plan) तयार नगरी उक्त खरिद प्रक्रिया अगाडी बढाएको देखिन्छ। उक्त National Payment Gateway सञ्चालन गर्ने सम्बन्धी सुझाव पेस गर्न नेपाल राष्ट्र बैंकका निर्देशकको संयोजकत्वमा गठित कार्यदलको प्रतिवेदनबाट "राष्ट्रिय सूचना प्रविधि केन्द्रले स्थापना गरेको National Payment Gateway को अध्ययन गर्दा उक्त प्रणालीलाई नै NPS को रूपमा सञ्चालन गर्न सकिने अवस्था देखिएन" उक्त खरिद गरिएको National Payment Gateway मा Card

					Switching को Module नरहेको र Vendor ले सो Module उपलब्ध गराउने अवस्था समेत नरहेको परिप्रेक्ष्यमा NPG लाई नै NPS मा स्तरोन्नति गरी सञ्चालन गर्न सकिने अवस्था नरहेको, नेपाल राष्ट्र बैंक समेतको स्वामित्वमा स्थापना भई भुक्तानी सेवा प्रदायकको रूपमा कार्य गरिरहेको संस्था नेपाल क्लियरिङ हाउस लिमिटेड (NCHL) बाट नै National Payment Switch स्थापना र सञ्चालन प्रक्रिया अघि बढाउन नेपाल क्लियरिङ हाउस लिमिटेड (NCHL) लाई स्वीकृति प्रदान गरिएको भन्ने नेपाल राष्ट्र बैंकको मिति २०८०।०३।१३ गतेको राय प्रतिक्रियाबाट देखिन्छ ।यी प्रतिवादी मध्येका संजय शर्मा तत्कालीन विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव तथा राष्ट्रिय सूचना प्रविधि केन्द्रको अध्यक्ष रहेको देखिन्छ । प्रस्तुत वारदातमा उक्त NPG खरिदको क्रममा राष्ट्रिय सुचना प्रविधि केन्द्रबाट सार्वजनिक खरिद ऐन/नियम बमोजिम खरिद योजना तयार गरी सार्वजनिक निकायको प्रमुखको स्वीकृत लिई गर्नु पर्ने लगायतका कार्यहरु समेत नगरी झुठ्ठा विवरण पेस गरी राष्ट्रिय सुचना प्रविधि केन्द्रबाट पेश भएको टिप्पणी मार्फत अन्तरार्ष्ट्रिय आशयपत्र माग गर्ने कार्यमा यी प्रतिवादी संजय शर्माले स्वीकृति प्रदान गरेको देखिएबाट यी प्रतिवादी उपरको आरोपित कसूर गरेको पुष्टि भएको तथा अर्का प्रतिवादी प्रणिता उपाध्याय उक्त केन्द्रको कार्यकारी निर्देशकको हैसियतमा उक्त वदनियतपूर्ण तवरबाट तयार गरिएको NPG खरिदको लागत अनुमान स्वीकृत गर्ने कार्य मा संलग्न रहेको देखिएबाट यी प्रतिवादीहरु संजय शर्मा र प्रणिता उपाध्यायले आरोपित कसूर गरेको तथ्य पुष्टि भएको देखिदा देखिदै उक्त तथ्य एवं प्रमाणलाई ग्रहण नगरि निज प्रतिवादीहरु संजय शर्मा र प्रणिता उपाध्यायलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण छ । • **प्रतिवादीहरु रमेश पोखेल, रामशरण गायक र सफल श्रेष्ठको हकमाः**- प्रस्तुत वारदात हुँदाको अवस्थामा राष्ट्रिय सूचना प्रविधि केन्द्रमा यी प्रतिवादी सफल श्रेष्ठ निर्देशक, रमेश पोखरेल सहायक निर्देशक र रामशरण गायक कम्प्युटर ईन्जिनियर पदमा कार्यरत रहेको देखिन्छ । उक्त खरिद कार्यको लागत अनुमान यी प्रतिवादीहरु तत्कालिन कम्प्युटर इन्जिनियर राम शरण गायक, सहायक निर्देशक रमेश पोखेल र तत्कालीन उप-निर्देशक सुनिल पौडेलले तयार गरेको र मिति २०७५।०३।१९ मा उक्त सुचना प्रविधि केन्द्र र आपुर्तीकर्ता CMA SMALL SYSTEMS AB SWEDEN बिच भएको सम्झौतामा राष्ट्रिय सूचना प्रविधि केन्द्रको तर्फबाट कार्यकारी निर्देशक भनी प्रतिवादी सुनिल पौडेलले सम्झौतामा हस्तक्षर गरेको देखिन्छ । कसूर ठहर भएका प्रतिवादी सुनिल पौडेल र यी प्रतिवादीहरु रमेश पोखेल र रामशरण गायकले उक्त NPG खरिदको लागत अनुमान संयुक्त रुपमा तयार गरेको देखिन्छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ (४) बमोजिम मालसामान वा उपकरण वा सेवा लगायतका सोधभर्ना हुने खर्च, तालिम, गोष्ठी लगायत अन्य खर्चको विस्तृत विवरण तयार गर्नु पर्ने व्यवस्था बमोजिम सो कार्यको लागत अनुमान तयार नगरी केही कम्पनीबाट प्राप्त कोटेसनको औसत गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ बिपरित जम्मा रु.२४,७५,२२,८४६.१५ को लागत अनुमान तयार गरेको देखिन्छ ।साथै,CMA SMALL SYSTEM AB Sweden सँग July३, २०१८मा सम्झौता भए अनुसार निजले कार्य सम्पन्न नगरेको कार्यको विलको भुक्तानी कार्य अगाडि बढाउनका लागि यीनै प्रतिवादीहरुले सिफारिस गरेको देखिएको र CMA Small Systems AB Sweden ले प्रस्तावमा उल्लेख भएको Terms of Reference (TOR) अनुरूप e-Payment प्रणालीको Customizationकार्य सम्पन्न नभएकोमा बिलको भुक्तानी कार्य अगाडि बढाउन प्रतिवेदन पेस गरेको तथा तालिम बापतको रकम भुक्तानी दिन भनि यीनै प्रतिवादीहरुले प्रतिवेदन पेस गरेको देखिएबाट प्रस्तुत वारदातमा यी प्रतिवादीहरुको संलग्नता देखिई यी प्रतिवादीहरुले आरोपित कसूर गरेको पुष्टि भएकोमा निज प्रतिवादीहरुरमेश पोखेल, रामशरण गायक र सफल श्रेष्ठलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण छ । • **प्रतिवादी रामबहादुर बुढा र निमबहादुर वलीको हकमाः**- प्रस्तुत वारदात हुँदाको अवस्थामा राष्ट्रिय सूचना प्रविधि केन्द्रमा यी प्रतिवादीहरु लेखा अधिकृत पदमा कार्यरत रहेको देखिन्छ । National Payment Gateway System को करार सम्झौतामा कार्य सम्पन्न नहुँदै परामर्शदाताबाट विल पेस भई प्राविधिकहरुबाट कार्य सम्पन्न प्रतिवेदन तथा जिन्सी शाखाबाट दाखिला प्रतिवेदन पेस भएको भन्ने आधारमा यी प्रतिवादीले परामर्शदातालाई नेपाल राष्ट्र बैंकमार्फत मिति २०७५।०३।२९ मा भुक्तानीको लागि शिफारिस गरेको देखिएको, सेवा खरिद गरेको २ वर्ष पछाडि भुक्तानी दिन लेखा अधिकृत निमबहादुर वलीबाट टिप्पणी लगायतको कागजात पेश गरी कानूनको प्रतिकूल हुने गरी भुक्तानी दिएको देखिएबाट प्रस्तुत वारदातमा यी प्रतिवादीहरुको संलग्नता देखिई यी प्रतिवादीहरुले आरोपित कसूर गरेको पुष्टि भएकोमा निज प्रतिवादीहरुलाई सफाई दिने ठहर गरी भएको फैसला त्रुटिपूर्ण छ ।

					• यसरी प्रतिवादीहरुले पिरामिड शैलिमा कसूरजन्य कार्य गरी संस्थाको हित विपरित कार्य गरेको कारण संस्थाको एकिकृत नतिजा (Integrated out put) प्राप्त नभई नेपाल सरकार एवं सार्वजिनक संस्थालाई हानी नोक्सानी पुऱ्याएको अवस्थामा उक्त कार्यमा संलग्न साना देखि ठुला सम्मका कर्मचारीहरुलाई निजहरुको निर्धारित जिम्मेवारी विपरित कार्य गरेको सन्दर्भमा सोही तह र कसूरको मात्राको आधारमा सजाय गर्नुपर्नेमा सफाई दिई भएको प्रस्तुत फैसला सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित ने.का.प. २०६४ अंक ५ नि. नं. ७८१५ नेपाल सरकार विरुद्द लक्ष्मण श्रेष्ठ भएको मुद्दामा स्थापित भएको सिद्दान्त विपरित समेत भई त्रुटिपूर्ण हुँदा वदरभागी छ । • अतः माथि विवेचित उल्लिखित आधार, कारण र मिसिल संलग्न प्रमाणहरुबाट यी प्रतिवादी अर्थ मन्त्रालयका बजेट तथा कार्यक्रम महाशाखाका तत्कालीन महाशाखा प्रमुख मधुकुमार मरासिनीले नीति तथा कार्यक्रममा समावेश नभएको तथा राष्ट्रिय सूचना प्रविधि केन्द्रले बजेट नै माग नगरेको नेशनल पेमेण्ट गेटवे (National Payment Gateway) खरिद शीर्षकमा LMBIS बजेट प्रविष्टिका नियमित चरणहरुमा पर्ने कुनै पनि कार्य नगरी नगराई तथा सो सम्बन्धी तयारीको आवश्यक कागजात समेत समावेश नगरी नगराई आफू मातहत तथा माथिल्लो निकाय/अधिकारीलाई जानकारी नदिई रु.२५ करोड रकम बजेट सिलिङ्ग भन्दा बाहिर गई विनियोजन गरी गराई बजेट (रातो किताव) मा समावेश गरे गराएको देखिन्छ। साथै उक्त बजेटलाई राष्ट्रिय सूचना प्रविधि केन्द्रले नेशनल पेमेण्ट गेटवे (NPG) खरिद गरी सञ्चालन गर्ने विषय विशुद्ध प्राविधिक विषय मात्रै नभई बैंकिङ कारोबार सम्बन्धी Business Detail को ज्ञान हुनु पर्ने, कानुनी प्रावधान आवश्यक हुने, सरोकारवालाहरुसंग आवश्यक समन्वय समेत अनिवार्य तवरमा गर्नु पर्नेमा यी विषयको निक्यौंल तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ बमोजिम गुरुयोजना तयार गर्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ बमोजिम खरिद योजना तयार गरी सार्वजनिक निकायको प्रमुखको स्वीकृत लिई गर्नुपर्ने लगायतका अनिवार्य तवरमा गर्नु पर्ने कार्यहरुसमेत नगरी नगराई लागत अनुमान स्वीकृत भएको भनी झुठ्ठा विवरण राखी अन्तर्राष्ट्रिय आशय पत्र माग गर्दा टिप्पणी मार्फत तत्कालीन विज्ञान तथा प्रविधि मन्त्रालयका सचिव तथा राष्ट्रिय सूचना प्रविधि केन्द्रको अध्यक्ष संजय शर्माबाट स्वीकृत गरी गराई प्रचलित कानून बमोजिम गर्नु पर्ने अन्य अनिवार्य कार्य, खरिद पूर्व अध्ययन, सरोकारवालाहरुको पहिचान, लागत अनुमान स्वीकृत, गुरुयोजना तयार, कानुनी आधार तयार, NPG core प्रणालीसंग अन्तरआबद्ध गर्न आवश्यक पूर्वाधार, बैंक तथा वित्तीय संस्थाहरुसंग समन्वय गर्ने आदि विषयसमेत केही पनि नगरी नगराई लापरवाही तथा बद्नियत राखी रु.२३,२७,५८,०७७।- मा NPG खरिद गरी गराई आर्थिक वर्ष २०७४।७५ को अन्तिम महिनाको अन्त्यतिर छोटो समयमा सम्झौता तथा भुक्तानीको कार्य सम्पन्न गरी गराई हालसम्म पनि संचालनमा ल्याएको अवस्था नरहेको, पूर्ण रुपमा संचालनमा ल्याउन सक्ने अवस्थासमेत नरहेको भनी विभिन्न प्रतिवेदनहरुबाटसमेत देखिएको हुँदा प्रतिवादीहरुले आफ्नो ओहदाको कर्तव्य पालना गर्दा नेपाल सरकार/सार्वजनिक संस्थाको सम्पत्तिको लापरवाही तथा बद्नियत गरी रु.२३,२७,५८,०७७।-(तेईस करोड सत्ताईस लाख अन्ठाउन्न हजार सतहत्तर) रकम हानी नोक्सानी गरे गराएको हुँदा उल्लिखित भ्रष्टाचार कसुरमा प्रतिवादीहरु संजय शर्मा, प्रणिता उपाध्याय, सुनिल पौडेल, सफल श्रेष्ठ, निमबहादुर वली, रामबहादुर बुढा, रमेशप्रसाद पोखरेल भन्ने रमेश पोखेल, रामशरण गायक, मधुकुमार मरासिनीले आरोपित कसूर गरेको पुष्टि भएकोमा यी प्रतिवादीलाई सफाई दिने ठहर गरी र कसूर ठहर भएका प्रतिवादी सुनिल पौडेलको हकमा थप सजाय नगरेको हद सम्म प्रस्तुत फैसला त्रुटीपूर्ण भएकोले उक्त फैसला उपर पुनरावेदन गर्ने।